

**के तपाईको घर पानीले रसाएको छ ?**

अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः ०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २३३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ भदौं २१ गते मंगलबार ❑ 6 Sept. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## गठबन्धनबाट गण्डकीमा कहाँ कसको दाबी ?

**रासस**
**पोखरा, २० भदौं**

सत्तारुढ गठबन्धनमा सिट बाँडफाँटको गाँठो कस्सिदै जाँदा घटक दलहरूले धमाधम उम्मेदवार सिफारिस गरिरहेका छन् । शीर्षस्थ तहमा प्रतिनिधिसभा र प्रदेशसभा क्षेत्र तोकेर सिट बाँडफाँट टुङ्गाउने कसरत भइरहेका बेला दलका तल्ला समितिले पनि आआफ्नै दाबीअघि सारेका हुन् ।

जनाधार, शक्ति सन्तुलन, विगत चुनावको परिणाम आदिलाई हेरेर तालमेलको प्रक्रिया टुङ्गाउनुपर्ने उनीहरूको सुझाव छ । गठबन्धनको सबैभन्दा सानो दल राष्ट्रिय जनमोर्चाले बागलुङ-१ मा चित्रबहादुर केसीलाई उम्मेदवारका रुपमा अघि सार्ने निर्णय गरेपछि जिल्ला तहमा क्षेत्र बाँडफाँट पेचिलो बन्ने देखिएको छ । प्रतिनिधिसभा सदस्य उम्मेदवारका लागि जनमोर्चाले बागलुङ-१ सँगै प्यूठानमा दाबी गरिरहेको छ । जनमोर्चा गण्डकी प्रदेश अध्यक्ष शङ्कर बरालले प्रतिनिधिसभा सदस्यतर्फ बागलुङ-१ लिँदा प्रदेशसभाको एउटा क्षेत्र पनि आफूहरूले पाउनुपर्ने बताउनुभयो ।

"प्रतिनिधिसभातर्फ त पार्टी केन्द्रले निर्णय गरिसकेको छ, प्रदेशसभा सदस्यका लागि पनि बागलुङबाट एउटा क्षेत्र अनिवार्य हामीलाई चाहिन्छ, पार्टीमा हाम्रो यही अडान छ", उहाँले भन्नुभयो, "प्रदेशसभा सदस्यका लागि कास्की र नवलपुरमा पनि हाम्रो दाबी रहन्छ ।" विसं २०७४ मा वाम गठबन्धन बनाएर चुनाव लड्दा जनमोर्चा बागलुङ-१ (ख) र २ (ख) मा विजयी बनेको थियो ।

बागलुङ जनमोर्चा अध्यक्ष चित्रबहादुर केसीको गृह जिल्ला पनि हो । सत्तारुढ प्रमुख घटक नेपाली कांग्रेसको प्रदेश समितिले भने क्षेत्र तोकेर दाबी नगरिएको जनाएको छ । समितिका महामन्त्री विष्णुप्रसाद लामिछानेले कार्यदलमार्फत शीर्ष तहमै बाँडफाँट टुङ्गाउने भनेपछि प्रदेशले क्षेत्र दाबी गर्ने कुरामा खासै चासो नलिएको उल्लेख गर्नुभयो । "पहिले जितेको ठाउँ सम्बन्धित दलले नै लिने भन्ने नीति पनि छ, पार्टी केन्द्रले जे निर्णय गर्छ, गठबन्धनमा जे-जसरी टुङ्गो लाग्छ, त्यसैलाई मानेर जान्छौँ", उहाँले भन्नुभयो । पार्टीहरुको प्रदेशगत स्थितिको समीक्षा र मूल्याङ्कन गरी न्यायोचित रुपमा सिट बाँडफाँट हुनुपर्ने कांग्रेसले जनाएको छ । विसं २०७४ को चुनावमा एक्लै वाम गठबन्धनको सामना गरेको कांग्रेसले गण्डकीमा नवलपुर-१ बाट मात्र प्रतिनिधिसभा सदस्य चुनाव जितेको थियो । प्रदेशसभामा नवलपुरमा दुई, कास्की, लमजुङ, स्याङ्जा, गोरखा र मनाङबाट एक/एक जनाले चुनाव जितेका थिए ।

जनता समाजवादी पार्टीका प्रदेश उपाध्यक्ष मधुकर न्यौपानेले कास्की १ र २ बाट आफ्नो पार्टीले प्रतिनिधिसभा र प्रदेशसभा दुवैमा दाबी गरिरहेको बताउनुभयो । "उम्मेदवार सिफारिस त सबैतिरबाट भइरहेको छ, तर सिट पाउने कुरामा कास्कीमा हाम्रो बढी जोड छ", उहाँले भन्नुभयो, "माथि नेताहरूले जे सहमति गर्छन्, त्यहीअनुसार हुन्छ ।" सो पार्टीले उपाध्यक्ष न्यौपानेलाई पनि प्रतिनिधिसभा सदस्य उम्मेदवारका रुपमा अघि सारेको छ । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का प्रदेश उपाध्यक्ष श्रीनाथ बरालले पनि केन्द्रबाट सिटको कोटा आएपछि मात्र कुन ठाउँबाट को चुनाव लड्ने भन्ने विषय टुङ्गिने बताउनुभयो । "आफ्नो पकड भएका क्षेत्रलाई दलले रोज्ने कुरा त हुन्छ नै तर हामीले तोकेरै त्यस्तो दाबी गरेका छैनौँ", उहाँले भन्नुभयो, "केन्द्रीय तहमा बाँडफाँट जसरी टुङ्गिन्छ त्यसैमा गठबन्धन दलहरू मिलेर चुनाव लड्ने हो ।" सिट बाँडफाँटमा जहाँ परे पनि चुनाव लड्न आफ्नो पार्टी सक्षम रहेको उपाध्यक्ष बरालको भनाइ छ । गण्डकी प्रदेशमा रहेका १८ प्रतिनिधिसभा सदस्य र ३६ प्रदेशसभा निर्वाचन क्षेत्रमा पार्टीका तर्फबाट उम्मेदवारको नाम सिफारिस भइसकेको उहाँले बताउनुभयो । गठबन्धनको अर्को घटक नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले पनि पहिले जितेका क्षेत्रमा स्वभाविक दाबी रहने जनाएको छ । माओवादी केन्द्र प्रदेश समितिका उपाध्यक्ष ज्ञामनाथ गैरे 'अनिल'ले क्षेत्र बाँडफाँट गर्दा जनाधारलाई मुख्य रुपमा हेरिनुपर्ने बताउनुभयो । "तालमेलमा गइसकेपछि जहाँ पर्छ त्यहीँबाट चुनाव लड्ने कुरा त भइहाल्यो, तर पनि विभिन्न पक्षलाई विश्लेषण गरेर क्षेत्रगत टुङ्गो लगाउनुपर्छ", उहाँले भन्नुभयो, "सबै विषय गठबन्धन दलबीचको समझदारीबाटै अघि बढ्छ, शीर्ष तहमा कसरी कुराकानी मिल्छ, हामी पनि त्यसकै पखाइमा छौँ ।" विसं २०७४ को चुनावमा माओवादी केन्द्रले गण्डकीबाट प्रतिनिधिसभा सदस्यतर्फ लमजुङ, गोरखा-१ र बागलुङ-२ बाट चुनाव जितेको थियो । कास्की, बागलुङ, म्याग्दी, पर्वतलगायत जिल्लाबाट माओवादी उम्मेदवार प्रदेशसभा सदस्यमा निर्वाचित भएका थिए । गण्डकी प्रदेशमा १८ प्रतिनिधिसभा र ३६ प्रदेशसभा निर्वाचन क्षेत्र छन् । अघिल्लो प्रतिनिधिसभा र प्रदेशसभा चुनावमा वाम गठबन्धनले बहुमत सिट जितेको थियो । नेपाल कम्युनिष्ट पार्टी (एमाले), माओवादी केन्द्र, जनमोर्चालगायत वाम दल मिलेर चुनाव लडेका थिए । चुनावी परिणामकै जगमा एमाले र माओवादी केन्द्रले पार्टी एकता पनि गरे । तर त्यो धेरै टिकेन । अहिले एमाले प्रतिपक्षमा छ । आसन्न चुनावमा गठबन्धनको एक्लै सामना गर्ने उसले जनाएको छ । चुनाव नजिकिँदै गर्दा दल उम्मेदवार सिफारिसमा व्यस्त छन् । निर्वाचन क्षेत्रबाट आएका नामलाई जिल्ला समितिले प्रदेश र प्रदेशले केन्द्रमा पठाइरहेका छन् । सङ्घीयता कार्यान्वयनपछिको दोस्रो कार्यकालका लागि हुन लागि रहेको प्रतिनिधिसभा र प्रदेशसभा सदस्य उम्मेदवारका लागि आकाङ्क्षीको लर्को छ ।

## स्वतन्त्रका लामिछानेलाई वडा १३ मा समर्थन

**पोखरापत्र संवाददाता**
**पोखरा, २० भदौं**

राष्ट्रिय स्वतन्त्र पार्टीलाई युवाहरूको पार्टी बनाउने रवि लामिछाने भने ।

पोखरा वडा न १३ मा भएको वडा भेलामा हालै लामिछानेले सो भनेका हुन । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रहेका लामिछानेले कार्यक्रममा संवैधानिक समाजवादको सिद्धान्तलाई पार्टीले अंगालेर अगाडि बढ्ने भने । नेपालमा हरेक पार्टीमा देखीएको परिवारवादलाइ निषेध गरेर अगाडि बढ्ने सभापति लामिछाने धारणा राखे । नेपाल आमाको एक स्वतन्त्र नागरिकको नाताले मेरो जीवन देशको सेवामा सधैभरी समर्पित रहने लामिछाने वताए । पोखरा महानगरपालिका राष्ट्रिय स्वतन्त्र पार्टीले आयोजनाले वडा न १३ मा गरेका भेलामा




लामिछानेले सो कुरा वताएका हुन । पोखरा महानगरपालिका राष्ट्रिय स्वतन्त्र पार्टीका सदस्य शिव नेपालीले स्वागत गर्दै इमान्दारिता र नैतिकताको थलो बनाउने उद्देश्यले स्वतन्त्र पार्टी जन्मेको भने । समाजसेवी हाजि रहिमुल्ला मियाँले अन्यायको विरुद्ध स्वतन्त्र पार्टी अगाडि बढ्दै जाहोस भनि शुभकामना व्यक्त गरे । वडा भेला गर्नको लागि कार्यक्रम संयोजकमा समियुन निसा खातुन, शिव नेपाली, सम्राट वराल र राम श्रेष्ठ रहेका थिए ।

राष्ट्रिय स्वतन्त्र पार्टी पोखरा महानगरपालिकाका सभापति नारायण प्रसाद आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा विकास प्रेमी युवा अफजल अलिमियाँ, नरेश पौडेल लगायत वोलेको कार्यक्रममा पोखरा महानगरपालिकाका सचिव सम्राट वरालले संचालन गरेका थिए ।

## कास्की ३ (ख) मा एमालेबाट राजिव पहारी एकल सिफारिस

**पोखरापत्र संवाददाता**
**पोखरा, २० भदौं**

नेकपा एमालेले कास्की क्षेत्र नं. ३ (ख) बाट पार्टीका केन्द्रीय सदस्य एवं गण्डकी प्रदेश सांसद राजिव पहारीको नाम एकल रुपमा सर्वसम्मत सिफारिस गरेको छ ।

पार्टीको आइतवार वसेको बैठकले कास्की जिल्ला प्रतिनिधि सभा ३ अन्तर्गत प्रदेश सभा (ख) का लागि पहारीको नाम एकल सर्वसम्मत सिफारिस गरेको हो । राष्ट्रिय युवा संघ नेपालका पूर्वअध्यक्ष समेत रहनुभएका पहारीले पाँच वर्ष अघिको निर्वाचनमा सो क्षेत्रबाट भारी मतका साथ विजयी हाँसिल गर्नुभएको थियो । सोही क्षेत्रबाट



फेरीपनि आफ्नों नाम सिफारिस भएपछि पहारीले पार्टीले आफुप्रति गरेको विश्वासलाई खेर जान नदिने बताएका छन् ।

'पार्टीले म प्रति यति ठूलो विश्वास गरेको छ, अब यसलाई फेरी प्रमाणित गरेर देखाउनुपर्ने दिन आएको छ'-पहारीले भन्नुभयो । सो क्षेत्रका जनताहरुले पहारीलाई विकास प्रेमी नेताका रुपमा चित्रण गर्ने गर्दछन् । पाँच वर्षे कार्यकालमा आफ्नों क्षेत्रमा थुप्रै विकासे कामहरु भएको बताउँदै तिनै कामहरु फेरी चुनाव जित्ने बलियो आधार भएको पहारीको भनाई छ । पहारीको पाँच वर्षे कार्यकालमा सो क्षेत्रमा पामेको खहरेखोला पुल, फुम्रेखोला पुल, घाँटीछिना-ओखलढुङ्गा पिच, अँधेरीखोला व्यवस्थापन, लौरुक लिफ्टीङ खानेपानी, मजुवा लिफ्टीङ खानेपानी, घान्द्रुक-लान्द्रुक पिच, छोम्रोङ फुट्र्याक, फेवाताल फुट्र्याक, लेकसाइड अस्फाल्ट पिच, विभिन्न समुदायका सामुदायिक भवन, विद्यालयहरुमा युरोगार्ड वितरण, कोभिडमा राहत वितरण, न्यानो कपडा वितरण लगायतका उदाहरणिय कार्य भएका छन् ।

## निर्वाचनका लागि १० हजार आठ सय ८८ देशभर मतदानस्थल कायम

**रासस**
**काठमाडौं, २० भदौं**

निर्वाचन आयोगले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनका लागि देशभर १० हजार आठ सय ८८ मतदानस्थलको सङ्ख्या कायम गरेको छ ।

गत वैशाख ३० गते भएको स्थानीय तहको निर्वाचनमा १० हजार सात सय ५६ मतदानस्थल रहेका थिए । आयोगले मतदानस्थल तथा मतदान केन्द्र निर्धारण कार्यविधि, २०७७ बमोजिम मतदान व्यवस्थापनलाई प्रभावकारी बनाउन तथा मतदातालाई मतदान प्रक्रियामा सहज पहुँचका लागि मतदाताको सङ्ख्या, सुविधा एवं सुरक्षाको अवस्था समेतलाई मध्यनजर गरी केही मतदानस्थल पुनरावलोकन गरेको छ । कार्यविधिमा भएको व्यवस्था बमोजिम मिति २०७९ साउन १ गतेदेखि मतदानस्थल पुनरावलोकन कार्यक्रम सञ्चालन गरी मतदाताको सघनता, मतदानस्थलसम्मको पहुँच, भवन, सञ्चार, विद्युत्, यातायातलगायत पूर्वाधारको अवस्था, सुरक्षा एवं भौगोलिक अवस्था र निर्वाचनका सरोकारवालाको सहमतिका आधारमा जिल्ला मतदानस्थल तथा मतदान केन्द्र सिफारिस समितिबाट प्राप्त सुझावका आधारमा पुनरावलोकन गरिएको हो ।

सोही आधारमा जिल्लाभरका मतदानस्थल पुनरावलोकन हुँदा एक हजार एक सय २३ मतदानस्थलको त्रुटि सच्याइएको, साविकका तीन सय ६५ मतदानस्थलबाट सबै मतदाता स्थानान्तरण गरी तीन सय ६४ मतदानस्थल निर्धारण गरिएको छ । एक सय ६३ मतदानस्थलबाट आंशिक मतदाता स्थानान्तरण गरी एक सय ६९ मतदानस्थल निर्धारण गरिएको साथै २८ मतदानस्थलका सबै मतदातालाई २८ वटै मतदानस्थलमा र १५ मतदानस्थलका आंशिक मतदातालाई स्थानान्तरण गरी १३ वटा मतदान स्थलमा गाभिएको छ । आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार देशभरका मतदानस्थलको सङ्ख्या १० हजार आठ सय ८८ पुगेको छ । यसअघि देशभरका जम्मा १० हजार सात सय ५६ मतदानस्थल रहेका थिए ।


**दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं ।**

फोहर पानीले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोगहरु लाग्न सक्छन् ।

त्यसैले

◆खोला, धारा वा मूलको पानी सिधै प्रयोग नगरौं,

◆पानी उमालेर वा शुद्धिकरण गरेर मात्र प्रयोग गरौं,

◆पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



**भद्रकाली बहुमुखी क्याम्पसमा भर्ना खुल्यो !**

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी न्यून शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्ने प्रतिवद्धतासहित शान्त, मनोरम र पूर्ण शैक्षिक वातावरणमा सञ्चालित यस भद्रकाली बहुमुखी क्याम्पस, पोखरा-१३, कुँडहरमा शैक्षिक सत्र २०७९/८० का लागि स्नातक तह प्रथम वर्षको बिहानी सत्रमा चार वर्षे बी.बी.एस. (BBS) र बी.ए. (BA) का कक्षाहरुमा भर्ना खुलेको व्यहोरा सम्पूर्ण अभिभावक तथा विद्यार्थीहरुमा सहर्ष जानकारी गराइन्छ । यथाशीघ्र भर्ना गरी आफ्नो सिट सुरक्षित गर्नुहुन सूचित गरिन्छ ।



फाराम वितरण तथा भर्ना हुने समयः
बिहान ६.00 बजेदेखि 10.00 बजेसम्म

भद्रकाली बहुमुखी क्याम्पस
पोखरा-१३, कुँडहर
०६१-५२२७९९, ५२३४७७
९८४६०५२९५४, ९८५६०३३२६८
bmcpokhara@gmail.com
www.bhadrakali.edu.np
https: //www.facebook.com/bhadrakali.edu.np

# प्रदेश स्तरिय साइक्लिङ सम्पन्न, १६ जना छनोट

पोखरापत्र संवाददाता
पोखरा, २० भदौं



प्रदेश खेलकुद परिषद गण्डकीले आयोजना गरेको प्रदेश स्तरिय खेलकुद प्रतियोगिता अर्न्तगत सोमबार साइक्लिङतर्फको महिला तथा पुरुष खेलाडी छनोट भएका छन् ।

पोखराका विभिन्न स्थानमा भएको प्रतियोगितामा आसन्न नवौं राष्ट्रिय खेलकुदमा गण्डकी प्रदेशबाट प्रतिनिधीत्व गर्ने खेलाडी छनोट गरिएको कास्की जिल्ला साइक्लिङ संघका अध्यक्ष तथा प्रतियोगिता संयोजक शंकर भण्डारीले जानकारी दिए । प्रतियोगितामा महिलातर्फ प्रदेशबाट क्रस कन्ट्री विधामा हिमान्सु राई, सोफिया वि.क, सदिक्षा भण्डारी छनोट भएको संयोजक भण्डारीले जानकारी दिए । यस्तै रोड रेसमा निकिता परियार बबिता परियार, स्पर्श उदास, पवित्र परियार छनोट हुँदा डाउन हिलतर्फ जमुना थापा पर्न सफल भईन् । छनोट भएका उनीहरुले नवौं राष्ट्रिय खेलकुदमा गण्डकी प्रदेशबाट प्रतिस्पर्धा गर्ने छन् । अन्य जिल्लाहरुले साइक्लिङमा सहभागिता नजनाउँदा उनीहरुले सिधै गण्डकी प्रदेशबाट छनोट भएका हुन् । यस्तै गण्डकी प्रदेशबाट प्रतियोगिताको क्रस कन्ट्री विधामा कास्कीका हिक्मत विक, स्याङ्जाका सन्दीप सुधौली, तनहुँका विनोद सापकोटा र कास्कीका अनिल विक छनोट भए । डाउन हिलतर्फ कास्कीका अजय क्षेत्री र सुजन अधिकारी छानिन सफल भए । त्यस्तै रोड रेसतर्फ कास्कीका सुमित गुरुङ र सुवास लामा छनोट भएको संयोजक भण्डारीले जानकारी दिए। यसअघि सोमबार नै कास्कीबाट पुरुषतर्फको क्रस कन्ट्रीमा हिक्मत विक, अनिल विक, आलोकश्री खड्का र अजित बराल, डाउन हिलतर्फ अजय क्षेत्री, सुजन अधिकारी र रोड रेसमा सुमित गुरुङ र सुवास लामा छनोट भएका थिए । प्रतियोगिता क्रस कन्ट्री, रोड रेस पोखरा- १८ मेथलाङ डाँडा र डाउन हिल पोखरा- २२ स्थित रानीबन-तितेपानी क्षेत्रमा भएको थियो। नवौं राष्ट्रिय खेलकुद असोज २८ देखि कात्तिक ३ गतेसम्म गण्डकी प्रदेशमा आयोजना हुँदैछ। प्रतियोगितामा ७ प्रदेश, ३ विभागीय र एनआरएनको १ गरी ११ टोलीले प्रतिस्पर्धा गर्नेछन् । राष्ट्रिय खेलकुदका ३६ र २ प्रदर्शनीका खेल गरी ३८ खेलमा प्रतिस्पर्धा हुनेछन् । प्रतियोगितामा ४ सय सात स्वर्णपदकका लागि खेलाडीबीच प्रतिस्पर्धा हुनेछ।

# एकैदिन ४ वटा वडामा घरदैलोमा पुग्यो प्रजापति समूह

पोखरापत्र संवाददाता
पोखरा, २० भदौं



पवनकुमार प्रजापति समूह सोमबार पोखराको वडा नम्बर १४, १५, ११ र ९ का उद्योगी व्यवसायीहरुको घरदैलोमा पुगेर आफ्नो पक्षमा मत मागेको छ ।

आसन्न पोखरा उद्योग वाणिज्य संघको ३४ औं महाधिवेशनका लागि विभिन्न पदमा उम्मेदवारी दिएका समूहका पदाधिकारीहरु उद्योगी व्यवसायीहरुको घरदैलोमा पुगेका हुन्। संघको जीवन्तता र व्यवसाय विकासका लागि अभियन्ताको नारा लिएर चुनावी मैदानमा आएको यो समूहप्रति उद्योगी व्यवसायीहरुको समर्थन बढ्दै गएको अध्यक्ष प्रत्यासी पवनकुमार प्रजापतिले बताए ।

घरदैलोमा पुग्दा समूहलाई उद्योगी व्यवसायीहरुले बलियो आधार भएको समूहको रुपमा लिएको उम्मेदवारहरुले बताएका छन् । उद्योगी व्यवसायीहरुको दरिलो साथ र समर्थन पाईरहेको कारणले पनि आफूलाई अझै बढि हौसला मिलेको अध्यक्ष प्रत्यासी प्रजापतिले बताए । हाम्रो समूहको आधार र कार्ययोजनालाई लिएर उद्योगी व्यवसायीहरु पनि उत्साहित देखिएका छन्। मैले नेतृत्व गरिरहँदा सम्पूर्ण पदाधिकारी र सदस्यहरुको पनि उत्तिकै सहयोग मिलिरहेको छ। त्यसैले हाम्रो समूहलाई यो पटक पक्कै पनि उद्योगी व्यवसायीहरुले निर्वाचित गर्नुहुनेछ भन्ने कुरामा म विश्वस्त छु । प्रजापतिले भने संघमा रहेर काम गर्ने उत्कट चाहना, सपना र कार्ययोजना नै हाम्रो टिमको जित्ने सबैभन्दा ठुला आधारहरु हुन् । घरदैलोमा हिडिरहेको पवनकुमार प्रजापति समूहले उद्योगी व्यवसायीहरुसँग उनीहरुको समस्याको विषयमा पनि जानकारी लिईरहेको छ । मतदाता उद्योगी व्यवसायीहरुसँगै समग्र व्यवासायिक क्षेत्रको विकासका लागि काम गर्ने उद्देश्यसहित आफूहरु अगाडि आएकोले उनीहरुको समस्याको बारेमा प्रस्ट हुनतर्फ आफूहरुले ध्यान केन्द्रित गरिरहेको प्रजापतिले बताए। पछिल्लो समय व्यवसायीहरु विभिन्न कारणले समस्यामा रहेको कुराप्रति आफूहरु सबैभन्दा बढि गम्भिर भएर लागेका छौं । प्रजापतिले भने त्यसैले तत्काल ती समस्याहरुको समाधानका लागि हामीले कार्ययोजना बनाईरहेका छौं । विभिन्न १७ बुंदासहित चुनावी मैदानमा होमिएको यो समूहको नेतृत्व गरिरहेका प्रजापतिले कुनै हालतमा संघ र उद्योगी व्यवसायीको पक्षमा काम गर्ने मात्र आफूहरुको दृढ संकल्प रहेको बताए ।

पोखरा उद्योग वाणिज्य संघको आसन्न ३४ औं महाधिवेशनमा प्रजापति समूहबाट वरिष्ठ उपाध्यक्षमा गोकर्ण कार्की, उपाध्यक्ष उद्योग तर्फ हिरामणी पण्डित, उपाध्यक्ष वाणिज्यतर्फ उत्तममान बुद्धाचार्य, महासचिवमा बलराम आचार्य, कोषाध्यक्षमा दिनेशचन्द्र बाँस्तोला र उपमहासचिवमा शोभा गौतमले उम्मेदवारी दिएका छन् । त्यस्तै सदस्य पदका लागि प्रभा सुवेदी बालकृष्ण कोईराला, विनोद केसी, भीम गौतम, मनोजकुमार श्रेष्ठ, यमनाथ तिमिल्सिना, रामचन्द्र शर्मा, ललित कुँवर, सुदिप ओझा र सुदिप प्रधानांग प्रत्यासी छन् ।

# कास्कीका वडा अध्यक्षहरूको लागि तालिम सुरु

पोखरापत्र संवाददाता
पोखरा, २० भदौं



गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान प्रदेश तथा स्थानिय शासन सहयोग कार्यक्रमको आयोजना तथा जिल्ला समन्वय समिती कास्कीको समन्वयमा कास्कीका वडा अध्यक्षहरुको लागि दुई दिने तालिम सोमबारदेखि पोखरामा शुरु भएको छ । तालिमको जिल्ला समन्वय समिती कास्कीका प्रमुख लिलाधर पौडेलले उद्घाटन गरेका हुन ।

पौडेलले तालिमले जनप्रतिनिधिहरूलाइ सिक्ने र सिकाउने अबसर प्रदान गर्नुका साथै जनताका कामलाइ छिटो-छरितो र विधि सम्मत तरिकाले सम्पन्न गर्न सहयोग पुग्ने भन्दै बिकास र समृद्धिका निम्ति आबश्यक दक्षता बढाउन सहयोग पूर्याउने बिश्वास ब्यक्त गरे। तालिममा संबैधानिक र कानुनी अधिकार, जिम्मेवारी तथा योजना निर्माण सम्बन्धि प्रशिक्षण प्रदान गरीने बताइएको छ।

तालिममा बीस र एक्काईस गते पोखरा महानगरका वडा अध्यक्षहरू तथा बाईस र तेईस गते गाउँपालिकाका वडा अध्यक्षहरूको सहभागिता रहने कास्कीका जिल्ला समन्वय अधिकारी नबराज बरालले जानकारी दिए।

# घरबाट निस्कने फोहरबाट कम्पोष्ट मल बनाउन आग्रह

पोखरापत्र संवाददाता
पोखरा, २० भदौं



पोखरा महानगरपालिका वडा नं. ९ का वडा अध्यक्ष दिपेन्द्र मर्सानीले घरबाट निस्कने फोहरबाट कम्पोष्ट मल बनाउन वडावासीलाई आग्रह गरेका छन् ।

सोमबार वडा कृषि सञ्जाल पोखरा ९ को आयोजनामा कम्पोष्ट विन वितरण कार्यक्रममा उनले वडाले घरमा कौसी खेती गर्न इच्छुक वडावासीलाई तरकारीका वेर्ना, विउ लगाएतका कृषि सामानहरु सहयोग गर्ने पनि वताएका छन्। सो अवसरमा वडा सदस्य लक्ष्मी पहारी र निवर्तमान वडा सदस्य राममाया मानन्धरले घरको फोहर घरमै मल वनाउन दिदीवहिनीहरुको महत्वपूर्ण भूमिका हुने वताएका थिए।

वडा कृषि सञ्जालकी अध्यक्ष विमला रानाभाटले घरमा निस्कने कुहीने फोहरबाट मल वनाई तरकारी तथा फुलका वेर्नामा प्रयोग गर्न सकिने बताउँदै वडामा कम्पोष्ट विन वितरण गरेको वताइन् । कृषि विज्ञ वेदकुमार श्रेष्ठले कम्पोष्ट विनको सहदुपायोग गर्न जानेमा मात्र यसले कम्पोष्ट मल वनाउने वताउँदै हामीले अल्छी गरेर जेपायो त्यही राखने हो भने मल पनि नबन्ने र दुगर्न्ध पनि आउने भएकोले विज्ञहरुसंग प्रयोग गर्न सिक्नु पर्ने वताउनु भएको थियो।

सञ्जालकी अध्यक्ष विमला रानाभाटको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष शान्ती भुजेल मगर र कार्यक्रम संचालन हिरा घलेले गरेका थिए।






फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन दुःखपूर्ण छ जहाँ आँसु लिएर बाँच्नुपर्छ । - लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# आचारसंहिताको बेवास्ता

सोमबारदेखि सरकारले नियुक्ति, सरुवा, बढुवा कुनै पनि काम गर्न नपाउने भएको छ । निर्वाचन आयोगले गत भदौ २ गते दिएको निर्देशन अनुसार सरकारले कुनै पनि कर्मचारीको सरुवा, बढुवा, नियुक्ति कुनै पनि काम गर्न नपाउने निर्देशन पालना हुने छाँट छैन । मंसिरमा हुने प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचन प्रयोजनका लागि सो काम नगर्न आजभन्दा १८ दिन अघि भदौ २ गतेनै आयोगले निर्देशन दिएको थियो । कुनै पनि ठाउँमा स्वीकृत दरबन्दी रिक्त रहेमा त्यसलाई पूर्ति गर्न सरकारले १८ दिनको समय दिएको आयोगले पत्रबाट स्पष्ट पारेको छ ।

निर्वाचन आयोगले यसअघि नै निर्वाचन प्रयोजनका लागि कर्मचारी व्यवस्थापन गर्न प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा सबै जिल्लाहरूमा कर्मचारी व्यवस्थापन कमिटी बनाएको छ । कर्मचारीहरूलाई निर्वाचन प्रयोजनका लागि परिचालन गर्न सबै जिल्लाहरूमा सो कमिटीको पनि व्यवस्था गरेपनि सरकारले चासो दिएको देखिन्न । निर्वाचन आयोगले आचारसंहिता जारी गर्ने सरकार आफ्नो धन्दा चलाइरहने गरेको छ। निर्वाचनलाई प्रभावित पार्न सुरक्षाकर्मी र कर्मचारी सरुवा जारी छ । प्रहरीका सबैजसो जिल्लामा सत्ता गठबन्धनले भनेको मान्नेलाई कमान्डर बनाएको छ। कर्मचारी सरुवा कहिलेसम्म गरिरहने हो टुंगो छैन । निर्वाचनलाई निष्पक्ष, विश्वासिलो र स्वच्छ तरिकाले सम्पन्न गर्न त्यस्तै खाले सरकार चाहिन्छ । हाम्रोजस्तो देशमा डाडु पनीयो हातमा हुनेले सबै आफ्नै भागमा हाल्छना।राज्यशक्तिको दुरुपयोग गरेर चुनाव जित्ने प्रवृत्ति रहेसम्म निर्वाचन स्वच्छ, निष्पक्ष र विश्वासनीय हुन सक्दैन ।

साधन श्रोत सरकारले प्रयोग गरुन्जेल निर्वाचनमा स्वच्छताको आशा गर्न सकिदैन । निर्वाचन सम्पन्न गर्ने संवैधानिक दायित्व बोकेको निर्वाचन आयोगले निर्वाचनका बेला आचारसंहिता जारी गर्दछ।मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेश सभा सदस्यको निर्वाचनमा प्रधानमन्त्री र मन्त्रीहरुलाई चुनाव प्रचारमा सहभागी हुन रोक लगाएको छ । राजपत्रमा प्रकाशित निर्वाचन आचारसंहितामा कुनैपनि मन्त्री र स्थानीय तहको जनप्रतिनिधि राजनीतिक दलको मुख्य प्रचारक र प्रचारक भई प्रचारप्रसारमा खटिन नपाउने उल्लेख छ । आयोगले नेपाल सरकार, प्रदेश सरकार, मन्त्री र स्थानीय कार्यपालिका र कार्यपालिका पदाधिकारीले पालना गर्नुपर्ने ८ वटा आचरण तोकेको छ। जसमा कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचार प्रसारमा संलग्न हुन वा प्रचार प्रसार गर्न नपाउने उल्लेख छ । तर निर्वाचनमा आफैं उम्मेदवार भएका प्रधानमन्त्री र मन्त्री आफ्नो क्षेत्रमा प्रचार प्रसार गर्न जान भने पाउँछन् । यसरी प्रचार गर्न जाँदा सरकारी स्रोत साधन प्रयोग गर्न भने पाउने छैनन् ।अहिलेसम्म राज्यकोषबाट खर्च नगरी प्रचारप्रसारमा जाने प्रधानमन्त्री र मन्त्री भेटिएका छैनन् । बाहिर देखाउन प्राइभेट सवारी साधन लिने तर तिर्दा विभिन्न वाहनाबाजी गरेर राज्यकोषबाट हुने गरेको छानिर्वाचन आयोगले सत्तामा बसेका र बस्न सक्नेलाई आचारसंहिता उल्लंघन गरेको भनेर कार्वाही भएको छैन ।

आचारसंहितामा केन्द्र र प्रदेश सरकारका मन्त्री र स्थानीय तहका कार्यपालिका सदस्यले वार्षिक बजेट र कार्यक्रममा स्वीकृत भएका बाहेकका अरु कार्यक्रम घोषणा गर्न र बजेट छुट्याउन पाउने छैनन् । कुनै योजनाको शिलान्यास, उद्धाटन, सर्वेक्षण गर्न पाउने छैनन् भने त्यसका लागि अनुदान दिन पनि पाउने छैनन् । त्यस्तै केन्द्र र प्रदेश सरकारका मन्त्री र स्थानीय तहका कार्यपालिका सदस्यले कुनै राजनीतिक नियुक्तिको पद सिर्जना गर्न र नियुक्त गर्न पनि पाउने छैनन् । आचारसंहिता जारी पछि मतदाता प्रभावित पार्ने छापामार शैलीमा विधयेक ल्याउने र द्रुत मार्गबाट पास गराउने काम पनि अनैतिक हो ।यस्ता काम पनि निर्वाचन आचार संहिताका विपरीत हो । उनीहरुले आयोगको अनुमति नलिई विदेश भ्रमणमा पनि जान पाउने छैनन् नेपाली उखान कुकुर भुक्दैछ हात्ती लम्कदैछ जस्तो अवस्था निर्वाचन आयोग र सरकारको छाभएभरको सरकारी साधन श्रोतको दुरुपयोग र शिलान्यास गर्ने काममा मन्त्रीहरूको प्रतिस्पर्धा छ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : सहयोग मिल्नेछ |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : झमेला बढ्ने | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : मन चञ्चल | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# प्रभावकारी बन्दै सेवा प्रवाह केन्द्र

पोखरापत्र संवाददाता

दमौली, २० भदौ

नगरपालिकाले एकै ठाउँबाट सेवा प्रवाह गर्न सञ्चालन गरेको सेवा प्रवाह सञ्चालन केन्द्र प्रभावकारी बन्दै गएको छ । सर्वसाधारणलाई सहजरुपमा एकै ठाउँबाट सेवा प्रवाह गर्ने उद्देश्यसहित गत जेठ महिनादेखि सञ्चालन गरिएको केन्द्र प्रभावकारी बन्दै गएको हो ।

सेवा प्रवाह केन्द्र सञ्चालनमा आएपछि सेवाग्राहीले कोठा चहार्दै हिँड्नुपर्ने अवस्थाको अन्त्य भएको छ । कामका लागि आउने सेवाग्राहीलाई प्रत्येक कोठा हिँड्न नपरोस् भन्नका लागि एकैठाउँबाट सुरु गरिएको केन्द्रले सेवाग्राहीलाई सहज भएको शुक्लागण्डकी नगरपालिकाका प्रमुख पण्डितले बताउनुभयो ।

"सेवा प्रवाह सञ्चालन केन्द्रले सर्वसाधारणलाई सहज हुनुका साथै देशका विभिन्न अन्य स्थानीय तहको पनि यस केन्द्रप्रति चासो बढेको छ", उहाँले भन्नुभयो, "हामीले सञ्चालन गरेको यो केन्द्र हेर्नका लागि अन्य पालिकाबाट जनप्रतिनिधि र कर्मचारी आउन थाल्नुभएको छ ।"सेवा केन्द्र सञ्चालन भएपछि सेवाग्राही अब सेवा लिन कोठा कोठा हिँड्नपर्दैन । सेवा केन्द्रमा पुगेर फाइल बुझाएपछि सेवाग्राहीले आराम गर्दै गर्दा काम सकाएर फाइल हातमै पाउँछन् । नगरपालिका आउँदा फाइल बोकेर कोठा कोठा धाउनुपर्ने अवस्थाको अन्त्य गर्न नगरपालिकाले सेवा प्रवाह सञ्चालन केन्द्र सुरु गरेपछि नगरवासी खुसी भएका छन् ।

नगरपालिकाको सार्वजनिक सेवा प्रवाहलाई सहज, छिटो, पारदर्शी र नागरिकमैत्री बनाउन केन्द्र सञ्चालनमा ल्याइएको उपप्रमुख खुमबहादुर विकले बताउनुभयो । "सेवाग्राही कार्यालयमा सेवा लिन आउँदा विभिन्न कोठा चाहर्नुपर्ने बाध्यताको अन्त्यका लागि केन्द्र सुरु गरेका हौँ", उहाँले भन्नुभयो, "केन्द्र सञ्चालनमा आएपछि सेवाग्राहीले सहजरुपमा सेवा पाइरहनुभएको छ ।"

नगरपालिकाको भुइँ तल्लामा रहेको सेवा प्रवाह सञ्चालन केन्द्रमा सेवाग्राहीले फाइल बुझाएपछि केन्द्रका कर्मचारीले सम्बन्धित सबै फाँट/शाखामा लगेर काम सम्पन्न गरी फाइल पुनः सेवाग्राहीलाई बुझाउनेछन् ।

तोकिएको मापदण्डबमोजिमको कागजातको अभाव देखिएमा वा रीतपूर्वक नदेखिएमा उक्त केन्द्रमा राखिएको टेलिफोन सेवाको प्रयोग गरी सम्बन्धित शाखाको अधिकारीले सेवा केन्द्रका कर्मचारीको समन्वयमा सेवाग्राहीसँग प्रत्यक्ष टेलिफोन वार्ता गरी के कति कारणले फाइल रोकिएको हो, त्यसको कारण र नपुग कागजात, विधि र प्रक्रियाबारे बुझाइने उपप्रमुख विकले बताउनुभयो ।

कुनै जटिल प्रकृतिका सेवा प्राप्तिमा अन्यौल हुन गएमा मात्र प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखाका कर्मचारीले तुरुन्त सेवा केन्द्रमा उपस्थित भई सेवाग्राहीलाई सो फाइलउपर छलफल गर्ने जनाइएको छ । फाइल प्राप्तिदेखि तोकआदेश, दर्ता, सम्बन्धित शाखामा पेश र अन्तिम सेवा नागरिकको हातमा दिनेसम्मको कामका लागि सेवा प्रवाह सञ्चालन केन्द्रमा आवश्यकरुपमा कर्मचारीको व्यवस्थापन गरिएको नगरपालिकाले जनाएको छ ।

# दुखको साथी पोखरेल प्यानल, औद्योगिक क्षेत्रको पूर्ण समर्थन

पोखरापत्र संवाददाता

पोखरा, २० भदौ



पोखरा ४ मा आकुरा स्मार्ट लिंक सन्चालन गर्दै आएकी रामा भट्टराई सुवेदी देशको खस्कँदो अर्थ व्यवस्थाबारे चिन्तित छिन् । उत्पादन र बजारीकरण व्यवस्थित नहुँदा धेरै उद्योगी व्यवसायी विस्थापित भए। कोरोना संक्रमणले व्यवसायीलाई विस्थापित मात्रै गरेन, देशकै अर्थ संरचना विथोल्यो । अहिले पनि बजारमा पूरानो अवस्थाको चहलपहल छैन । उद्योगी व्यवसायीको हक हितका लागि खुलेका संघ संस्थाहरु कानमा तेल हालेर बसे। न सरकारसँग समन्वय छ, न राहत प्याकेज। 'बजार खुलेपनि ब्यापार छैन। आर्थिक मन्दी लागेको छ,' उनले भनिन्, 'सीमित व्यवसायीले कमाएपनि धेरै उद्योगी व्यवसायी टाट पल्टिएका छन्। यस्तो दुखमा बोलिदिने कोही छैन ।' उनले पोखरा उद्योग वाणिज्य संघको नयाँ निर्वाचित हुने टीमले व्यवसायीका मर्कामा मलम लगाउने आशा गरेकी छिन् ।

३४ औं महाधिवेसनका लागि उम्मेदवारी दिएका अर्जुन पोखरेल नेतृत्वको प्यानलले व्यवसायीका दुख बुझ्न सक्ने उनको विश्वास छ। 'अर्जुन सर आफै पनि लामो समय उद्योग वाणिज्य संघमा बसेर काम गरिसक्नु भएको छ। संघमा नेतृत्वले धेरै ठूलो प्रभाव पार्छ,' सुवेदी भन्छिन्, 'अरुले भन्दा अलि बढि व्यवसायीहरुको समस्या र गुनासो बुझ्नुभएको छ । त्यसैले यो प्यानललाई सबैले साथ दिनुपर्छ भन्ने लाग्छ ।' अर्जुनले कोरोना संक्रमणपछि व्यवसायीका पक्षमा दैनिक पैरवी गरिरहेका छन्। पोखरेलले उद्योगी व्यवसायीका समस्या समाधान गर्न पैरवीका कार्यक्रम ल्याउने घोषणा नै गरेका छन्। संघ, प्रदेश र स्थानीय सरकारले चालू वर्षका लागि ल्याएको बजेट र नीति तथा कार्यक्रमले निजी क्षेत्रलाई निरुत्साहित गरेको प्रतिक्रिया उनको छ । सरकारी बजेटले कर प्रणाली, व्यवसाय नविकरण, बैंकका ब्याज लगायतका विषयहरु स्पष्ट उल्लेख नगर्दा मर्का परेको बताए । भदौ २४ र २५ गते हुने निर्वाचनमा आफूले जितेमा ति समस्या समाधानका लागि निरन्तर लाग्ने उनको प्रतिबद्धता छ। 'मत माग्न जाँदा अनुभवी युवाको समूह भनेर हौसला दिनुभएको छ।

यसमा निकै खुसी छौं,' पोखरेल भन्छन्, 'चुनावी घोषणापत्र र मतदाताको विश्वासलाई कहिल्यै भुल्ने छैनौं । पोखरालाई अर्थतन्त्रको सक्षम बजारका रुपमा स्थापित गर्ने धोको छ ।' व्यवसायीको गुनासा सुन्न घरदैलोमा हिंडेको टोलीले सोमबार चिप्लेढुंगा, पराजुली मार्ग, सिद्धार्थचोक, मानव अधिकारचोक, पृथ्वीचोक, पोखरा मल, औद्योगिक क्षेत्र लगायत ठाउँमा पुगेर उद्योगी र व्यवसायीहरुसँग भलाकुसारी गरेको छ । 'जहाँ गएपछि उत्साह बढेको छ । औद्योगिक क्षेत्रमा सबैले ढुक्क हुनुस् भन्नुभएको छ,' पोखरेलले अघि भने, 'सबैको साथ छ । चुनाव जित्ने विश्वास छ ।' औद्योगिक क्षेत्रका सबै उद्योगीहरुसँग प्यानलले औपचारिक छलफल गरेको थियो । छलफलका क्रममा सबैले सहयोग गर्ने बचन दिएका छन् ।

पोखरेल प्यानलले ८ बुँदे प्रतिबद्धता सार्वजनिक गरेर मत मागिरहेको छ । उनीहरुले आगामी २ वर्ष भित्रमा संघ, प्रदेश र स्थानीय सरकारको समन्वयमा पोखरा लगानी सम्मेलन गर्ने, विदेशी लगानी भित्र्याउन पहल गर्ने र स्थानीय लागनीकर्तालाई थप लगानी गर्न प्रेरणा प्रदान गर्ने घोषणापत्र छ । यो प्यानलबाट वरिष्ठ उपाध्यक्षमा हरिहर सापकोटा, उद्योग उपाध्यक्षमा देवेन्द्र केसी, वाणिज्य उपाध्यक्षमा कुमारी मुना बास्तोला, महासचिवमा केशव बहादुर खत्री, कोषाध्यक्षमा हरिराज पन्त र उपमहासचिवमा हर्क बहादुर अधिकारी (मिरज) उम्मेदवार छन् । यस्तै, सदस्यहरुमा भरत केसी, कृष्ण प्रसाद कोइराला, धर्मेन्द्र कुमार बाटाजु, माधव बस्ताकोटी, उदय बहादुर केसी (लाहुरे दाइ), दिलिप कुमार श्रेष्ठ, दुर्गा रन्जित श्रेष्ठ र हिमनिधि लौडारीले उम्मेदवारी दर्ता गरेका छन् । आफ्नो प्यानल पोखरेली व्यवसायीको हितका लागि निर्माण भएको पोखरेलले बताए ।

# वाणिज्य संघमा सहमति जुटाउन नपाको पहल

पोखरापत्र संवाददाता

वालिङ, २० भदौ

वालिङ उद्योग वाणिज्य सङ्घको शनिबार स्थगित भएको अधिवेशन अघि बढाउने विषयमा सहमति जुटाउन वालिङ नगरपालिकाले पहल थालेको छ । सङ्घको १६ औं साधारणसभा तथा ८ औं अधिवेशनलाई लिएर दुई पक्षबीच विमति भएपछि स्थगित भएको अधिवेशन टुङ्ग्याउनका लागि नगरपालिकाको न्यायिक समितिले पहल थालेको हो ।

सङ्घको यसअघि गरिएको सहमतिका आधारमा अगाडि बढ्न अध्यक्ष शोभाकान्त पौडेल समूहले आनाकानी गरेको भन्दै तत्काल अधिवेशन रोकनका लागि वरिष्ठ उपाध्यक्ष अर्जुनप्रसाद खनाल समूहले न्यायिक समितिमा उजुरी दिएसँगै अधिवेशन स्थगित भएको थियो । न्यायिक समितिले स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार विवाद समाधान गरेर मात्रै अधिवेशनको प्रक्रिया अगाडि बढाउन निर्देशन दिएसँगै दुवै पक्षलाई पत्रचारमार्फत आज छलफलका लागि बोलाइएकोमा एक पक्ष मात्रै आएकाले भदौ २७ गते फेरि छलफल गर्ने निर्णय भएको वालिङ नगरपालिकाका कानुन अधिकृत नरबहादुर पौडेलले बताउनुभयो ।

"वाणिज्य सङ्घमा देखिएको विवाद समाधानका लागि न्यायिक समितिमा उजुरी परेपछि विवाद समाधान नहुँदासम्म अधिवेशन स्थगित गर्न पत्राचार गरिएको हो", उहाँले भन्नुभयो, "विवाद समाधानका लागि दुई पक्षलाई पत्राचार गरी छलफलमा सहभागी हुन बोलायौं तर एउटा पक्ष अनुपस्थित भएपछि यस विषयमा एक सातापछि पुनः छलफल गर्ने गरी पुनःपत्राचार गरेका छौं ।" आगामी छलफलमा हालको कार्यसमिति निर्वाचित हुँदादेखि हालसम्मको कार्यसमितिले अनुमोदन गरेका सबै निर्णय, साधारणसभाको प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन,संस्थानवीकरणलगायत काजगातसहित उपस्थित हुन सङ्घका नाममा पत्राचार गरिएको उहाँले बताउनुभयो ।

नगरपालिकाको न्यायिक समितिले सहमति जुटाउँदै निकास दिनका लागि बोलाएको छलफलमा आफू नेतृत्वको समूह उपस्थित भए पनि अध्यक्षसहितको अर्को समूह उपस्थित नहुँदा छलफल नभएको वरिष्ठ उपाध्यक्ष खनालले बताउनुभयो ।


**पसल बिक्रीमा**

पृथ्वीचोकमा चालु अवस्थामा रहेको पसुल विशेष कारणवस तुः विक्रीमा छ ।

सम्पर्कः
९८२७१९९५८६
९८१९१७११७८


# निवेदन दिएपछि मात्रै सूचना दिने प्रचलनको अन्त्य

पोखरापत्र संवाददाता

दमौली, २० भदौ

तनहुँको शुक्लागण्डकी नगरपालिकाले पारदर्शी भित्तो स्थापना गरेको छ । स्थानीय तह निर्वाचनबाट निर्वाचित भएको एक सय दिनको अवसर पारेर नगरपालिकामा आइतवार पारदर्शी भित्तो राखिएको हो ।

नगरमा सुशासन कायम गराउने उद्देश्यसहित पारदर्शी भित्तो स्थापना गरिएको नगरप्रमुख कृष्णराज पण्डितले जानकारी दिनुभयो । "नगरपालिकाले गर्ने हरेक गतिविधि नगरवासीले थाहा पाउनुपर्छ । यही जानकारी गराउन पारदर्शी भित्तो राखिएको हो । हामी जनताका सेवक हौं, हामीले गर्ने हरेक काम जनताले थाहा पाउनुपर्छ, यहाँ लुकाउने, ढाट्ने, छल्ने कुरा हुँदैन", उहाँले भन्नुभयो, "नगरपालिकाले के गरेको छ, भावी योजना के छन्, नीति र निर्णय के भएका छन् भनेर स्पष्ट थाहा पाउन सहज होस् भनेर पारदर्शी भित्तो राखेका हौं ।" निवेदन दिएपछि मात्रै सूचना दिने प्रचलनको अन्त्य गर्न पारदर्शी भित्तो सञ्चालनमा ल्याइएको उपप्रमुख खुमबहादुर विकले जानकारी दिनुभयो । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लिलावल्लभ न्यौपानेले नागरिकलाई सूचना प्रदान गर्न पारदर्शी भित्तो महत्वपूर्ण हुने बताउनुभयो। पारदर्शी भित्तोमा नगरपालिकामा हुने दैनिक सूचना, कार्यक्रम, मासिक आयव्यय विवरण, अन्य बैठकका निर्णयहरू, लेखापरीक्षणको प्रतिवेदन, नगर सभा, कार्यपालिकाको बैठकको निर्णय र विविध सूचना प्रकाशित गरिनेछ ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक समवेदना



जन्मः वि.स. १९८७/०३/२८ गते

स्वर्गारोहणः वि.स. २०७९/०४/३० गते

**स्वः लक्ष्मी स्याङ्बो तामाङ**

साविक व्होलासोथर गाउँपालिका वडा नं.२ मालिङ मकैम्राङ हाल पोखरा महानगरपालिका वडा नं. १३, कमलपोखरी मार्ग टोल विकास संस्था, बस्दै आउनु भएका संस्थाका सदस्य श्री बोस बहादुर पाखिन तामाङको ममतामयी माता **लक्ष्मी स्वाङ्वो तामाङ**को ९३ वर्षको उमेरमा असामयीक निधन भएको आज पितृकार्यको अवसरमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

सु. ईन्द्रबहादुर गुरुङ
अध्यक्ष एवं
**कमलपोखरी मार्ग टोल विकास संस्था परिवार**
पोखरा-१३

# अन्नपूर्ण पदमार्ग : यात्रा छोटियो तर सास्ती घटेन

–नवीन लामिछाने
मनाङ, २० भदौं (रासस)

नेपाल भित्रिने बाह्य पर्यटकको रोजाइमा हिमाली जिल्ला मनाङ पर्दछ । विश्वकै उत्कृष्ट पर्यटकीय गन्तव्यस्थलको १०औँ स्थानमा परेको मनाङको अन्नपूर्ण पदमार्गमा पर्यटक आउने अनुकूल समय अब सुरु भएको छ ।

यहाँ आउने विश्वका पर्यटक यसै पदमार्गलाई गन्तव्य बनाएर आउने गर्दछन् । उनीहरु यो पदमार्गको यात्राका लागि लामो तालिकासहित आउँछन् । तर अहिले भने उनीहरुको यो तालिका फरक भएको छ । तय गरिएको तालिकाभन्दा पहिले नै यात्रा सकिने गरेको छ ।

लमजुङको सदरमुकाम बेँसीसहरदेखि सुरु हुने पदमार्गको यात्रा छोटो समयमा पूरा गर्न सकिने भएको छ । अब बेँसीसहरबाट चामे-खाङ्सारसम्म यात्रालाई छोटो बनाउँदै जीपको माध्यममार्फत पुग्न सकिने र तोकिएको समयभन्दा छिटो नै यात्रा पूरा गर्न सकिनेगरी अन्नपूर्ण पदमार्गको यात्रा छोटिएको छ । काठमाडौँ वा पोखराबाट एकै दिनमा मनाङ पुगेर अन्नपूर्ण पदमार्गको यात्रा तय गर्न सकिने पर्यटकको भनाइ छ ।

विश्वका पर्यटकको रोजाइमा मनाङ डिस्याङ गाउँपालिका-८ थोराङ्ला भञ्ज्याङ पर्दछ । विगतमा थोराङ्ला पार गर्न १८ दिन लाग्थ्यो । तर अहिले यो यात्रा सडक सञ्जाल विस्तारसँगै छोट्टिएको छ । मनाङ सडक सञ्जालसँग जोडिएसँगै पदमार्गको दूरी पनि घटेको हो । माथिल्लो मनाङ, खाङ्सारसम्म सवारीमार्फत सहजरुपमा एकै दिनमा पुग्नसक्ने भएपछि पदमार्गको यात्रा छोटिएको स्थानीय बताउँछन् ।

अहिले माथिल्लो मनाङसम्म सवारीमा यात्रा गरेपछि तीन दिनमा थोराङ्ला पार गर्न सकिन्छ । यसरी यात्रा गर्दा लेक लाग्ने सम्भावना भने बढी हुने गरेको उनीहरु बताउँछन् । कम उचाइबाट एकसाथ आएका पर्यटक उच्च स्थानमा अक्सिजनको अभावले लेक लाग्ने गरेको उनीहरु बताउँछन् । यात्रा सहजरुपमा सक्ने लक्ष्यसहित बाह्य तथा आन्तरिक पर्यटक आउने गरेको स्थानीय बताउँछन् । लमजुङ, मनाङ, मुस्ताङ, म्याग्दी र कास्की गरी पाँच वटा जिल्लालाई एउटै मार्गले फूलको माला भैँ गरी जोडेको छ । यसै मार्गलाई गन्तव्य बनाएर आउने बाह्य पर्यटकले १८ दिनमा पूरा गर्ने पदमार्गको दूरी अहिले घटेको छ । सडक सञ्जालले जोडिएसँगै केही स्थानमा पर्ने यो पदमार्ग नै देखिँदैन । सडकले जोडिएकाले कतिपय मार्गमार्फत् हिँड्नुपर्ने अवस्था नै रहँदैन । कहीँ मोटरेवल सडक सञ्जालले पदमार्गमा हिँड्न अप्ठ्यारो पनि पर्ने गरेको छ । यसले गर्दा पनि पदमार्ग छोटिन थालेको हो । पदमार्गसँगै सडक सञ्जाल सञ्चालन हुँदा पदयात्रीले सास्ती भने बेहोर्नु परेको छ । यसले गर्दा पदयात्री सवारीको प्रयोग गर्न बाध्य भएका छन् । पदमार्ग र सडक सञ्जाल फरक भएमा मात्र पदयात्रीलाई सहज हुने पर्यटकको भनाइ छ । लामो तालिका बनाएर अन्नपूर्ण पदमार्गको यात्रामा आएकी फिनल्याण्डकी नागरिक निया बताउनुहुन्छ भन्नुहुन्छ, "सडक सञ्जाल विस्तार भएको राम्रो हो । पदमार्ग मासिनु हुँदैन । पदयात्रा गर्न आउने पर्यटकलाई साँघुरो सडक सञ्जाल त्यसैमाथि पदमार्ग जोडिदा यात्रा गर्न कठिन हुने रहेछ । यसलाई मनाङवासीले ध्यान पुऱ्याउँदै संरक्षण गर्नुपर्छ", नियाले भन्नुभयो ।

पदमार्गमार्फत् हिँड्ने क्रममा सडकमा धुलो र हिलोले गर्दा सास्ती बेहोर्नु परेको उहाँको अनुभव छ । सडक र पदमार्गलाई फरक तवरबाट संरक्षण गर्न सकिएमा सहज हुने र यात्रीलाई पनि आनन्दले यात्रा गर्ने वातावरण बन्ने पर्यटकको भनाइ छ । मुस्ताङ जिल्लाबाट भने थोराङ्ला जाने केही तल्लो भागसम्म सडक सञ्जाल विस्तार गरिसकिएको छ । उता मनाङपट्टिको भागमा भने पदयात्रा गर्नुपर्ने अवस्था कायमै छ । मनाङतर्फभन्दा मुस्ताङले छिटो थोराङ्ला पुग्नसक्ने बनाएको छ ।

पदमार्गको केही स्थानमा बाढी र पहिराले क्षति पुऱ्याएकाले संरक्षण, मर्मत तथा नयाँ ट्र्याक निर्माण गरिएको अन्नपूर्ण क्षेत्र संरक्षण आयोजना (एक्याप) का प्रमुख लेखनाथ गौतमले जानकारी दिनुभयो । "हिमपातमा पनि पर्यटक आउँछन् । पर्यटकलाई सहज बनाउन एक सय मिटर दूरीमा खम्बा राखिएको छ । सडक सञ्जालको नजिक रहेका पदमार्गलाई सहज बनाउन स्थानीय तहसँग समन्वय गरी व्यवस्थापनको तयारीमा छौँ", गौतमले भन्नुभयो । पदमार्गमा फालिएका फोहोरमैला व्यवस्थापनका लागि स्थानीय तहहरुले ठाउँ-ठाउँमा खाल्डो बनाएको छ । यात्राका क्रममा पर्यटकलाई दिसापिसाब लाग्दा सहज होस् भनेर स्थानीय तहले मनाङका बस्तीबाहेकका क्षेत्रमा शौचालयको व्यवस्थापनसमेत गरेको छ । तिलिचो ताल, थोराङ्ला भञ्ज्याङलगायतका पर्यटकीय क्षेत्रमा शौचालयको व्यवस्थापन गरिएको छ । यस पदमार्गमा अनावश्यक फोहरमैला नहुने भएकाले त्यस क्षेत्रको जलवायु संरक्षण हुनेछ ।

# १२ वडाको १०० दिन : फ्रि एम्बुलेन्स सुविधादेखि सितलादेवी मन्दिरमा महाआरती सुरुवात

पोखरापत्र संवाददाता
पोखरा, २० भदौं



स्थानीय तहको निर्वाचनबाट निर्वाचित भएका जनप्रतिनिधिहरुको १०० दिन पूरा भएको छ । पोखरा महानगरपालिका वडा नम्बर १२ का वडाध्यक्ष सन्तोष बास्तोलाले १०० दिनका उपलब्धि सार्वजनिक गरेका छन् ।

बास्तोलाले निर्वाचित भएको पहिलो दिनदेखि यताका १०० दिनमा गरेका कार्यहरु सार्वजनिक गरेका हुन् । १०० दिने उपलब्धिमा वडामा फ्रि एमबुलेन्स सुविधा, सितलादेवी मन्दिरमा महाआरतीको सुरुवात र ज्येष्ठ नागरिकसँगका कार्यक्रमसहित १९ बुँदा समावेश छ । वडाध्यक्ष बास्तोलाले वडाले १०० दिनमा उल्लेख्य कार्य गरेको दाबी गरे । उनले वडाले जनसरोकारसँग जोडिएको कार्यक्रमलाई प्राथमिकतामा राखेको बताए । वडाध्यक्ष बास्तोलाका अनुसार वडाको कार्यालय स्तरोन्नती गरी वडाको बजेट स्केल बढाउनुका साथै वडामा दुईवटा बिजुलीका ट्रान्सफर जडान गरीएको, विभिन्न समयमा तालिमहरु प्रदान गरिएको, १८९ वर्ष पुरानो सितलादेवी मन्दिरमा पूर्णिमाको दिनमा महाआरती सुरुवात गरीएको वताए । वडाध्यक्ष बास्तोलाका अनुसार वडालाई एप्स मार्फत सुचारु गर्ने कार्य अन्तिम चरणमा पुग्नुको साथै वडाको सूचना प्रविधिको माध्यमबाट जनतालाई पुऱ्याउने कार्य गरिएको र अफिसको लागि सि.सि. क्यामेरा जडानको सुरुवात गरिएको, वडा कार्यालयमा फ्रि वाईफाइ लागु भएको तथा सार्वजनिक स्थानमा फ्रि वाईफाईको प्रक्रिया अगाडि बढाईएको बताए । वडा कार्यलयले वडाका कृषकहरुलाई कम्पोष्ट मल बनाउने बिन वितरण गरिएको, अशक्त, सुत्केरीको घरमा सेवा दिने कार्यको सुरुवात गरिएको साथै ग्रिन बेल्ट निर्माण कार्यको सुरुवात गरेको छ । वडाले वडा भित्र फ्रि एमबुलेन्सको सुविधा दिएको र गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृतिमा अध्यापन गराएको समेत वडाध्यक्ष बास्तोलाले बताए । सामुदायिका विद्यालयमा फोहोर वर्गीकरण सम्वन्धी तालिम प्रदान गरिएको, टोलटोलमा स्ट्रिट नं राख्ने कार्य प्रारम्भ भएको, लालीगुराँस शान्ति टोललाई खेलकुद सामाग्री वितरण गरिनुको साथै ८० वर्ष माथिका बृद्धहरुलाई घरघरमा पुगेर स्वास्थ्य उपचार गर्ने कार्यका लागि सम्बन्धित निकायसँग सम्झौता गरिएको वडा कार्यालयले जनाएको छ

# बिरुवामा मुक्तिनाथ बैंकको वितीय साक्षरता

प्रकाश डोटेल
स्याङ्जा, २० भदौं

मुक्तिनाथ विकास बैंकले स्याङ्जाको बिरुवा गाउँपालिकामा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ । बैंकको बिरुवा शाखाका ९९ वटा महिला समूहमा आबद्ध सदस्यहरुलाई वित्तीय साक्षरता प्रदान गर्दै कार्यक्रम सम्पन्न गरेको हो ।

वित्तीय साक्षरता कार्यक्रममा बोल्दै बिरुवा गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर कुँवरले पछिल्लो समय बैंक तथा वित्तीय संस्थाहरु ग्रामिण क्षेत्रमा पुग्न थालेको बताए । वित्तीय संस्थाहरु ग्रामीण क्षेत्रमा पुगेपछि महिलाहरुमा आर्थिक चेतनाको विकास हुन थालको समेत उनले सुनाए । उनले सानासाना वचतबाट मात्रै ठूला आर्थिक गतिविधि संचालन गर्न सकिने बिचार व्यक्त गरे । कार्यक्रममा मुक्तिनाथ विकास बैंकका क्षेत्रिय तथा उपक्षेत्रिय कार्यालय समन्वय प्रमुख बाबुराम ढकाल, बिरुवा गाउँपालिका वडा नं. ८ का वडाध्यक्ष नबिन कुमार आलेले महिलाहरुको आर्थिक विकास विना समाज रुपान्तरण गर्न नसकिने बताए । समाज रुपान्तरणका लागि महिला सशक्तिकरण गर्नु आवश्यक रहेको उनीहरुको भनाई थियो । वित्तीय साक्षरता कार्यक्रममा बैंक स्याङ्जाका अनुगमन अधिकृत बालकृष्ण रेग्मी, मुक्तिनाथ कृषि कम्पनीका विपिन कार्कीले वित्तीय साक्षरताले ग्रामीण क्षेत्रमा बसोबास गर्ने महिलाहरुमा वचत गर्ने बानीको विकास गरेको स्पष्ट पारे । वचत गर्ने बानीले आर्थिक रुपमा पर्ने आपत्तकालिन समस्या समाधान गर्न सहज हुने उनीहरुले बताए ।

मुक्तिनाथ विकास बैंक बिरुवा शाखा अन्तर्गत गठित ९९ वटा महिला समूहमा झण्डै २६ करोड लगानी रहेको बैंकले जनाएको छ । बैंकको लगानीमा ग्रामीण क्षेत्रका करिब २ हजार ५ सय महिलाहरुले स्वरोजगारका काम गर्दै आएका छन् । बैंकले बिरुवा र हरिनास गाउँपालिका र भीरकोट नगरपालिकाका केहि वडामा सेवा संचालन गर्दै आएको छ । मुक्तिनाथ विकास बैंक बिरुवा शाखामा आबद्ध महिला सदस्य नरुकुमारी खड्काको अध्यक्षतामा भएको वित्तीय साक्षरता कार्यक्रममा बैंकका शाखा प्रबन्धक ख्याम बहादुर अधिकारीको स्वागत तथा अनिता थापाले संचालन गरेकी थिईन । कार्यक्रममा समूहमा आबद्ध महिला प्रतिनिधिहरुले समूहमा देखिएका चुनौती र सम्भाबनाका विषयमा बोलेका थिए ।

महिलाहरुको आर्थिक रुपान्तरणमा केन्द्रित मुक्तिनाथ विकास बैंकले महिलाको आर्थिक विकास विना समाज अध्यारो हुने बताउँदै आएको छ । महिलाको आर्थिक विकासका लागि बैंकले विगत १५ वर्षदेखि उनीहरुलाई स्वरोजगार मुलक कार्यक्रममा समाबेश गरेको छ ।

# प्रदेश स्तरीय पावरलिफ्टिङ च्याम्पियनसिप सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २० भदौं

कास्की जिल्ला पावरलिफ्टिङ संघद्वारा आयोजित प्रदेश स्तरीय हिमालयन यती पावरलिफ्टिङ च्याम्पियनसिप आइतवार सम्पन्न भएको छ । पोखरा रंगशालामा आयोजना भएको पावरलिफ्टिङ खेलमा विभिन्न तौल समूह बीच प्रतिस्पर्धा भएको थियो । प्रतियोगितामा भाग लिन २८ जना पुरुष र १६ जना महिला गरि ४४ जना सहभागी भएका थिए ।

प्रतियोगितामा पुरुष तर्फको ओभरअलमा रानीपौवा स्पोर्ट्स सेन्टरका टेकेन्द्र गुरुङले पदक जितेका छन् । ८३.१ देखि ९३ केजी तौल समूह बीच भएको प्रतिस्पर्धामा गुरुङले ५५० केजी तौल उठाएर स्वर्ण समेत हात पारे । त्यसै गरि बुल्स जिमका चेतबहादुर थापाले ४४० केजी उठाएर रजत पदक जिते भने अरबिन्द थापाले ४३५ उठाएर कास्य पदक जिते। त्यसै गरि ६६.१ देखि ७४ केजी तौल समूह बीच भएको प्रतिस्पर्धामा रानीपौवा स्पोर्ट्स सेन्टर कै करण ताज्याले स्वर्ण जिते । ताज्याले समग्रमा ४९० केजी तौल उठाएका थिए । त्यस्तै बिकास गुरुङले ३८० केजी उठाएर रजत पदक जिते भने पावर जिमका रमजन अलिले ३७० उठाएर कास्य पदक जिते।

त्यस्तै ७४.१ देखि ८३ केजी तौल समूह बीच भएको प्रतिस्पर्धामा ड्रिम जिमका सुरज पौडेलले ४६७.५ तौल उठाएर स्वर्ण जिते भने बार स्क्वाडका जस्पेर गुरुङले ४४५ केजी उठाएर रजत पदक जिते । त्यस्तै बबिन पुनले ४३० केजी उठाएर कास्य जिते। त्यस्तै ५९.१ देखि ६६ केजी तौल समूहमा क्रमश बिबेक गुरुङ (४४० केजी), बिबेक खडका (४०२.५ केजी) र मौलादीन मिया (३२० केजी) पहिलो, दोस्रो र तेस्रो भए । त्यस्तै ५९ केजी भन्दा कम तौल समूह बीच भएको प्रतिस्पर्धामा क्रमश किसन गुरुङ (३४२.५ केजी), संदेश गुरुङ (३४० केजी) र युनिक गुरुङ (३१२.५ केजी) पहिलो, दोस्रो र तेस्रो भए । ९३ केजी भन्दा बढी तौल समूह बीच भएको प्रतिस्पर्धामा रानीपौवा स्पोर्ट्स सेन्टरका सनिस श्रेष्ठले समग्रमा ५४० केजी तौल उठाएर स्वर्ण पदक हात पारे । त्यस्तै क्रमश सुमिन परियार (४५७.५ केजी) र प्रथम श्रेष्ठ (४५२.५ केजी) दोस्रो र तेस्रो भए ।

महिला तर्फ भएको ६३ केजी भन्दा बढी तौल समुहमा व्यायामशालाका शर्मिला शाह (३९० केजी) ले स्वर्ण पदक जितिन्। त्यस्तै सरस्वती गुरुङ (३३२.५ केजी) र गुडु थापा ३२३ केजी ) क्रमश दोस्रो र तेस्रो भए। ५५.१ देखि ६३ केजी तौल समूहमा क्रमश लक्ष्मी राना मगर (२७५ केजी), एनिमाया दर्जी (२४४ केजी) र सोनी गुरुङ (२४१ केजी) क्रमश पहिलो, दोस्रो र तेस्रो भए । त्यस्तै ५५.१ देखि ६३ केजी तौल समूहमा क्रमश लक्ष्मी राना मगर (२७५ केजी) , एनिमाया दर्जी (२४४ केजी) र सोनी गुरुङ (२४१ केजी) क्रमश पहिलो, दोस्रो र तेस्रो भए । त्यस्तै ५५ केजी भन्दा कम तौल समूहमा क्रमश सपना गुरुङ (२७७ .५ केजी) , पदमा थापा (२७० केजी) र सुस्मिता पौडेल (२२३ केजी) क्रमश पहिलो, दोस्रो र तेस्रो भए । प्रतियोगिताको उद्घाटन राखेप सदस्य राजेश गुरुङले गरेका थिए । गुरुङले पावरलिफ्टिङ खेलको बिकासमा आफू लाग्ने प्रतिबद्दता जनाए। त्यस्तै प्रतियोगिताको समापनमा कार्यक्रम बोल्दै कास्की जिल्ला पावरलिफ्टिङ संघ अध्यक्ष हसन गुरुङले यस्ता प्रतियोगिता आयोजना गर्नले पावरलिफ्टिङ खेलको प्रवर्धन हुने र यस सम्बन्धि खेलाडीहरुले प्लेटफर्म पाउने बताएका छन्। 'अहिले हामीसंग खेलको लागि आवश्यक अन्तर्राष्ट्रिय मापदण्डका खेलसाम्रगी छैन। जसले गर्दा खेल खेल्दा र खेलाउदा समस्या भैरहेको अवस्था छ। ' गुरुङले भने, 'अबको दिनमा यस खेलको बिकासको लागि निरन्तर लागिरहनेछु। सम्बन्धित निकायमा गएर खेल र खेलाडीको लागि आवाज उठाउने छु। ' अध्यक्ष गुरुङ पावरलिफ्टिङ खेलको अन्तर्राष्ट्रिय खेलाडी पनि हुन् । उनले भारतको महाराष्ट्रको अमरावतीमा विश्व पावर लिफ्टीङ फेडरेसनले आयोजना गरेको २१ औं विश्व पावर लिफ्टीङमा नेपालको लागि स्वर्ण पदक जितेका थिए ।


## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाम्झोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


## वालिङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय वालिङ, स्याङ्जा
## गण्डकी प्रदेश

**वालिङ नगरपालिका भएर बग्ने आाधिखोलाको बगर क्षेत्रहरूबाट दिगो रूपमा ढुंगा, गिट्टी तथा बालुवाको सङ्कलन /उत्खनन् कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिबेदन तयारी सम्बन्धमा सार्वजनिक सूचना ।**

**प्रथम पटक प्रकाशित मितिः २०७९/०५/२१**

वालिङ्ग नगर कार्यपालिकाको कार्यालय वालिङ्ग, स्याङ्जा द्धारा निम्न बमोजिमको प्रस्ताव वातावरण संरक्षण नियमावली २०७७ को नियम ७ (२) अनुसार कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नगर कार्यपालिकाको कार्यालय वालिङ्ग, स्याङ्जा<br>फोन नः ०६३-४४०१७७<br>ईमेलः walingmun@gmail.com |
| प्रस्तावको व्यहोरा | वालिङ्ग नगरपालिका भएर बग्ने आँधिखोलाको बगर क्षेत्रहरुबाट दिगो रुपमा ढुंगा, गिट्टी तथा बालुवाको सङ्कलन / उत्खनन् कार्य |
| प्रभाव पर्न सक्ने जिल्ला /न.पा./गा.पा. | स्याङ्जा, वालिङ्ग नगरपालिकाका वडाहरूः १, ८, ९, १०, ११ र १३ |

माथी उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिकाको वडाहरू तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ती वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिन हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना**:

| | |
|---|---|
| प्रतावकको नाम र ठेगाना | वालिङ्ग नगर कार्यपालिकाको कार्यालय वालिङ्ग, स्याङ्जा<br>फोन नः ०६३-४४०१७७, ईमेलः walingmun@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | ग्रीन डेल्टा इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.<br>थापागाउँ, काठमाडौं, फोन नः९८४९१८१२७७ ईमेलः environmental.nepal@gmail.com |